के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज १६ गते आइतबार ❑ 2 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

हार्दिक मंगलमय शुभकामना

विजयादशमी-२०७९ को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकवर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

फेवा प्रकाशन प्रा.लि., पोखरा

पोखरापत्र दैनिक परिवार

अबको अंक असोज २४ गते सोमबार प्रकाशित हुनेछ ।

सन्दीप लामिछानेले २० गते नेपाल फर्किएर आत्मसमर्पण गर्ने

पोखरापत्र संवाददाता
काठमाडौं, १५ असोज

बलात्कार आरोप लागेका क्रिकेटर सन्दीप लामिछानेले आत्मसपर्पण गर्ने बताएका छन्। एक किशोरीले बलात्कारको जाहेरी दर्ता गराएपछि विदेशमै लुकेका लामिछानेले शनिबार बिहान एक वक्तव्य जारी गर्दै नेपाल फर्किएर आत्मसपर्पण गर्ने बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत लामिछानेले अक्टोबर ६ अर्थात यही असोज २० गते नेपाल फर्किने बताएका छन् । 'ठूलो आशा र शक्तिका साथ म यही अक्टोबर ६ मा नेपाल

बाँकी अन्तिम पृष्ठमा ▶▶

वाम-लोकतान्त्रिक शक्तिको सहकार्य अझै आवश्यकक : महासचिव गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज

नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले अझै पनि संविधान र लोकतान्त्रिक गणतन्त्रलाई कमजोर बनाउने चिन्तन देखिएकाले वाम-लोकतान्त्रिक शक्तिको सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

सो पार्टीको पोखरा महानगर कमिटीले दसैं, तिहारलगायत चाडपर्वका अवसरमा शनिबार पोखरामा आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रममा महासचिव गुरुङले विगतका ठूला-ठूला परिर्वतन पनि सहकार्यबाट मात्र सम्भव भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "दुई-दुईपटक संसद् विघटन, नौ महिना संसद्मा अवरोध गर्ने र संसद्को जीवन समाप्त गरेर राज्यका संरचनालाई विस्थापन गर्न सकिन्छ भन्ने चिन्तन अहिले पनि देखिएको छ ।" सानो छिद्र पाए पनि संविधान तोडमोड र उल्लङ्घन गर्न सकिन्छ भन्ने चिन्तनका विरुद्ध वाम-लोकतान्त्रिक शक्तिको सहकार्य अझै आवश्यक रहेको गुरुङले स्पष्ट पार्नुभयो । महासचिव गुरुङले नागरिकता विधेयक संसद्बाट पारित भएपछि विधि र प्रक्रियाअनुसार त्यसलाई प्रमाणीकरण गर्नुपर्नेमा त्यो नहुनु विडम्वना भएको बताउनुभयो । "नागरिकता विधेयकको अन्तर वस्तुमा मतभेद हुनसक्छ । हाम्रो दलको पनि मतभेद थियो तर विधि र प्रक्रियाको पालना गर्नुपर्दछ", गुरुङले भन्नुभयो, "संसद्ले पारित गरेपछि त्यसलाई प्रमाणीकरण गरेर अगाडि बढाउनुको विकल्प थिएन ।" गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मुलकले प्राप्त गरेको उपलब्धिलाई एक-एक गरी खोस्ने प्रवृत्तिका विरुद्ध गठवन्धन बनेकाले यसलाई सही तरिकाले सफल बनाउनु अहिलेको चुनौती रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय राजनीतिमा आएको परिवर्तन र हासिल भएको उपलब्धिलाई जोगाउन गठबन्धलाईसफलबनाउनुपर्दछ।" कार्यक्रममा गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल, भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्थामन्त्री कुमार खड्का, विभिन्न राजनीतिक दलका नेता, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, उद्योगी व्यवसायीलगायतको उपस्थिति थियो।

मर्दी हिमालयका अभियान्ता एवं पर्यटन व्यवसायी गौतमको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज



मर्दी हिमालयका अभियान्ता एवं पर्यटन व्यवसायी सुदीप गौतमको मृत्यु भएको छ । मर्दी पदयात्राको हाइक्याम्पमा शनिबार साँझ करिब ६ बजे पानीको पाइप मर्मत गर्ने क्रममा भीरबाट लडेर मुत्यु भएको माछापुच्छ्रे गाउँपालिका वडा नं ८ का वडाध्यक्ष राम गुरुङले जानकारी दिनुभयो ।

३५ बर्षका गौतमले हाइक्याम्पमा होटल व्यवसाय संचालन गर्दै आएका थिए । गौतम भीरबाट करिब ५० मीटर तल खसेको स्थानियले बताए । होटल व्यवसायी अर्को एक जना साथीसँग उहाँ पानी मर्मत गर्न जानुभएकामा चिप्लिएर एक्कासी भीरबाट खस्न पुग्दा मृत्यु भएको स्थानीयले समेत बताए । गौतमको टाउको र शारीरमा चोट लागेको थियो । घटनालगत्तै उहाँलाई स्थानीयले उद्धार गरेर ल्याएपनि उहाँको बाटैमा मृत्यु भएको स्थानीयले जनाएका छन् ।

गौतम मर्दी हिमाल पर्यटन पदमार्ग व्यवस्थापन समितिका संस्थापक अध्यक्ष समेत हुन । सरल स्वभावका गौतम पर्यटन प्रबर्द्धन गर्ने भने पछि जस्ता सुकै कार्यक्रममा पनि आफ्नो सहभागिता गराउने गरेको व्यवसायीहरुले बताउनु हुन्छ । गौतमको शवलाई शनिबार विहान हेलिकप्टरबाट पोखरा ल्याइएको छ । पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा पोस्टमार्टम पछि अन्तिम संस्कार गरिने परिवारले जनाएको छ । गौतमको परिवारमा बुबा, आमा, श्रीमती एक छोरी र एक छोरा छन् । प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ। गौतमले मर्दी हिमाल पदयात्राको एक्सप्लोर गर्ने र यसको प्रवर्द्धनमा ठूलो भूमिका खेल्नुभएको थियो ।

गौतमकै योगदान स्वरुप मर्दी पदयात्राले अहिले विश्वभर चर्चीत भएको छ। माछापुच्छ्रे गाउँपालिका वडा नं ९ सिदिङमा जन्मनु भएका गौतम विभिन्न सामाजिक क्षेत्रमा समेत सक्रिय हुनु हुन्थ्यो ।

'कालोबजारी नियन्त्रण गर्न उपभोक्ता सचेत हुनुपर्छ'

काठमाडौं
रासस

कुनै पनि किसिमका अनियमितता, ठगी र अखाद्य सामग्रीको प्रयोगबाट बच्न उपभोक्ता आफैं सचेत हुनुपर्ने विज्ञ एवं सरोकारवालाले जोड दिएका छन् ।

उपभोक्ता जागरण अभियानको प्रथम साधारणसभाका सहभागी वक्ताले विशेषगरी चाडपर्वको मौका पारेर व्यापारी उपभोक्तालाई महँगोमा वस्तु तथा सेवा बिक्री गर्न तल्लीन हुने भन्दै गुणस्तरीय खाद्य वस्तु र सामग्रीको उपभोग र कालोबाजरी नियन्त्रण गर्न उपभोक्ता जागरुक र जिम्मेवार बन्नुपर्ने बताए ।

दसैं, तिहार, छठलगायत महत्वपूर्ण चाडपर्वमा मात्रै होइन अन्य समयमा पनि मारमा उपभोक्ता पर्ने गरेको भन्दै अनुगमनकारी निकाय र उपभोक्ताकर्मीले उपभोक्ताका हितका लागि एकताबद्ध अभियान सञ्चालन गरिनुपर्ने उनीहरूको सुझाव छ । कार्यक्रममा पूर्वसचिव कृष्णहरि बाँस्कोटाले बजारमा विकृति र विसङ्गति बढेकाले उपभोक्ता अधिकारवादी र नियमन तथा अनुगमनकारी निकाय सक्रिय ढङ्गले लाग्नुपर्ने खाँचो औंल्याउनुभयो । उहाँले बजारमा बढ्दो अनियमितता र कालोबजारी नियन्त्रण गर्न उपभोक्ता सचेत र जागरुक बन्नुपर्ने बताउनुभयो ।

पूर्वसचिव बाँस्कोटाले भन्नुभयो, "बजारमा दण्डहीनताको अवस्था बढेको छ। यसको मारमा उपभोक्ता छन् त्यसैले संविधानले सुनिश्चित गरेको उपभोक्ता अधिकार सुनिश्चित गर्न सरोकारवाला निकायले ध्यान दिनुपर्छ, यसमा आम उपभोक्ता पनि सचेत र जागरुक हुन जरुरी छ ।" उहाँले उपभोक्ताले बजारमा वस्तु तथा

बाँकी अन्तिम पृष्ठमा ▶▶



पोखराको सिम्पानीमा शनिबार साँझ बिक्रीका लागि राखिएका च्याङग्रा छान्दै एक ग्राहक। विगतका वर्षहरुमा भन्दा यस वर्ष भेडा, च्याङग्रा महंगो भएको गुनासो उपभोक्ताको छ। तस्बिर : कृष्ण दवाडी

समानुपातिक प्रणालीतर्फको बन्दसूचीमा संशोधन हुँदै

रासस
काठमाडौं, १५ असोज

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फ आयोगमा पेस गरिएको उम्मेदवारको बन्दसूचीमाथि दलहरुले संशोधित सूची बुझाउन अब एक दिन बाँकी छ । आयोगले यही असोज १६ गतेभित्र संशोधित सूची बुझाउन सम्बन्धित दललाई आग्रह पनि गरिसकेको छ।

आयोगले बन्दसूचीको प्रस्तावमाथि जाँचबुझ गरी संशोधनका लागि असोज ४ गतेदेखि ९ गतेसम्म सूची पेश गर्न राजनीतिक दलहरुलाई आग्रह गरेको थियो । आयोगको आग्रहमोजिम ती दलले असोज १० देखि १६ गतेसम्म परिमार्जित सूची पेस गर्नुपर्नेछ । सम्बन्धित दललाई संशोधनका लागि पत्र पठाएको मितिले सात दिनभित्र संशोधन पेस गर्नुपर्ने आयोगका सचिव एवं उक्त प्रणालीतर्फको मुख्य निर्वाचन अधिकृत गोकर्णमणि दुवाडीले बताउनुभयो। उक्त प्रणालीमा ६८ दलले भाग लिएका छन् ।

संशोधित बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा असोज १७ गते बिहान १० बजेदेखि १२ बजेसम्म निवेदन दिने, सोही दिन दिउँसो १ बजेदेखि ३ बजेसम्म उम्मेदवारी फिर्ताबारे सम्बन्धित दललाई जानकारी दिने, असोज २० गतेदेखि २२ गते ३ बजेसम्म उम्मेदवारी फिर्ता लिएको कारणबाट रिक्त हुने स्थानमा सोही समूहले अर्को उम्मेदवार मनोनयन गर्नुपर्ने कार्यक्रम रहेको छ।

यस्तै यही असोज २२ गते उम्मेदवारको बन्दसूचीमा सूचना प्रकाशन गर्ने, असोज २३ गतेदेखि २९ गतेसम्म बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारको योग्यतासम्बन्धी दाबी विरोधका लागि निवेदन दिने, असोज ३० गते दाबी विरोधको निवेदनमाथि जाँचबुझ गरी निर्णय लिने, कात्तिक ८ गते बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने र कात्तिक ९ गते उम्मेदवारको बन्दसूची अन्तिमरुपमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

आयोगले सो प्रणालीका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय खडा गरी यही असोज २ र ३ गते उक्त बन्दसूची पेस गर्ने गरी निर्वाचन कार्यक्रम तय गरेको थियो। सूची पेस गर्दा समानुपातिक र समावेशी सिद्धान्तबमोजिम रित पुगेका आवश्यक कागजात अनिवार्यरुपमा पेश गर्न आयोगले आज दलहरुलाई आग्रह गरेको थियो । आयोगले पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ असोज २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता र मनोनयनपत्रको सूची प्रकाशन गर्ने कार्यक्रम तय गरेको छ।

असोज २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, असोज २४ देखि २५ गतेसम्म मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी निर्णय गर्ने तालिका रहेको छ । यस्तै असोज २५ गते उम्मेदवारको नामावली प्रकाशन गर्ने र असोज २६ गते उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने एवं उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने भएको छ।

विजयादशमी शुभ दीपावली, छठ, ईद एवम् नेपाल सम्वत्को पावनअवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुभएका नेपालीहरुमा सुःख, शान्ति, दीर्घायू, सु–स्वास्थ्य समृद्धि एवम् उत्तरोउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कर तिर्नु सभ्य नागरिकको कर्तव्य हो ।
कानून अनुसार तिर्नुपर्ने कर समयमा नै दाखिला गरी असल नागरिकको परिचय दिऔं ।

अर्थ–मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

कोलपाटन आमा समुहको अध्यक्षमा सावित्री

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज

पोखरा १७ स्थिति कोलपाटन आमा समुहको चौधौ साधारण सभा एवम् सातौ अधिवेशनले सावित्री पौडेलको अध्यक्षतामा १५ सदस्यी कार्य समिति सर्वसम्वत चयन गरेको छ।

समुहको उपाध्यक्षमा अम्वा पराजुली, सचिव करणा बराल, सहसचिव सर्मिला पौडेल, कोषाध्यक्षमा शुशिला वानिया, सहकोषाध्यक्षमा सविना वानिया र सदस्यहरुमा लक्ष्मी गौतम, सिता कुँवर, सरस्वती पराजुली, सुष्मा पौडेल, पशुपति वानिया, सिमा थापा, लक्ष्मी शर्मा बराल, सिता बराल र सावित्री पराजुली रहनुभएको छ।

गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले अधिवेशनको उद्घाटन गर्दै प्राप्त हक अधिकारको उपयोग गर्दै थप अधिकारका लागि महिलाहरु एकतावद्ध भएर अघि बढनु पर्ने बताउनुभयो। आमा समुहको माध्येमवाट महिलाले नेतृत्व विकाससंगै आयआर्जनमा समेत जोडिएको बताउँदै उहाँले यस्ता समुहलाई जनताको नजिकको स्थानीय सरकारको साथ र सहयोग हुनु पर्ने आवश्यकता औल्याउनुभयो।

पोखरा महानगरपालिका वडा नं. १५ का वडाअध्यक्ष तोरण बानियाले वडाका अति आवश्यक र अधुरा विकास निर्माणका कार्यलाई सम्पन्न गर्ने अभियानमा जुटेको बताउनुभयो।

कार्यक्रममा उपसभामुख शर्माले कोलपाटन वहुदेश्यीय भवन निर्माणमा सहयोग गर्ने विभिन्न संघसंस्था एवम व्यक्तिहरुलाई सम्मान गर्नुभएको थियो । समुहका अध्यक्ष सावित्री पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान वडाअध्यक्ष प्रकाश पौडेल, समाजसेवी हेरम्वराज पराजुली, समुहका पूर्व अध्यक्ष पार्वती कार्की, समाज कल्याण समितिका अध्यक्ष कृषण बहादुर खत्री, अम्वीका पराजुली, लगायतले आमा समुहको महत्व एवम् महिलाको क्षेमता अभिवृद्धिमा खेलेको मूमिकाका बारेमा चर्चा गर्नुभएको थियो।

सन्दीप...

आउँदैछु र झुटो आरोपविरुद्ध कानुनी लडाइँ लड्नका लागि नेपाल सरकारसमक्ष आत्मसमर्पण गर्नेछु,' उनले लेखेका छन् । उनले आफू निर्दोष भएको बताउँदै चाँडै न्याए पाउने विश्वास व्यक्त गरेका छन् । उनले आफूमाथिको षडयन्त्रको समसँगै पर्दाफास हुने दाबी पनि गरेका छन् । केही समय सम्पर्कविहीन भएका लामिछानेले पछिल्लो पटक आफू तनावमा भएकोले आइसोलेसनमा बसेको बताए।

उजुरी दर्ता भएयता लामिछाने प्रहरीको फरार सूचीमा दर्ज भएका छन् । क्यारेबियन लिगका लागि जमैका गएका लामिछाने नेपाल नफर्केपछि प्रहरीले उनीविरुद्ध अन्तर र्राष्ट्रिय प्रहरी संगठन इन्टरपोलले डिफ्युजन नोटिससमेत जारी गरेको छ।



नवरात्रको समय पारेर शनिबार पोखराको फेवाताल बिचमा रहेको तालबाराही मन्दिर दर्शन गर्ने भक्तजनको घुइँचो। तस्बिर : जमुना वर्षा शर्मा, रासस

मनसुन ढिला बाहिरिने : दसैँमा वर्षाको सम्भावना

रासस
काठमाडौं, १५ असोज

नेपालमा मनसुन बाहिरिने सरदर मिति अक्टोबर २ भएता पनि यस वर्ष मनसुन सरदर मिति भन्दा केही दिन ढिला बाहिरिने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

दसैँका लागि विशेष मनसुनी बुलेटिन निकालेर महाशाखाले मनसुन सरदरभन्दा बढी समय रहने भएकाले दसैँमा वर्षा हुने बताएको हो । महाशाखाका मौसमविद् सजिना शाक्यले यो वर्ष मनसुन सरदरभन्दा बढी रहने देखिएकाले दसैँका तीन/चार दिन वर्षाको सम्भावना रहेको बताउनुभयो।

हाल बङ्गालको खाडीमा विकसित भइरहेको न्यून चापीय क्षेत्र उत्तर पश्चिमीतर्फ सर्दै जाने क्रममा असोज १८ देखि २१ गतेसम्म नेपालमा पनि यस प्रणालीको प्रभाव पर्ने हुँदा मनसुनी वर्षा सक्रिय हुने सम्भावना देखिएको महाशाखाले उल्लेख गरेको छ। उक्त मौसमी प्रणालीको प्रभावले दसैँको नवमी, विजया दशमी र एकादशीमा मनसुनी वर्षा हुनेछ।

उक्त समय देशको पहाडी भूभागमा पहिरो तथा गेग्रान बहाबको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्न सक्ने, सडक तथा हवाई यातायात र कृषिलगायतका क्षेत्रहरु प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन सर्वसारणमा र सरोकारवाला निकायमा अनुरोध गरेको छ । मौसम बुलेटिन अनुसार नवमीका दिन देशभर आंशिकदेखि सामान्य बदली रही प्रदेश १, मधेस, बागमती र गण्डकी प्रदेशका केही र बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। असोज १९ गते विजय दशमीका दिन देशभर बदली रही थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ।

गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको पनि सम्भावना रहेको छ। असोज २० गते एकादशीका दिन पनि सोही मौसमी प्रणाली कायम रहने महाशाखाले बुलेटिनमा उल्लेख गरेको छ।

वर्तमान सरकारले जनताको हितमा काम गर्न सकेन : अध्यक्ष ओली

रासस
काठमाडौं, १५ असोज

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकारले जनताको हितमा काम गर्न नसकेको आरोप लगाउनुभएको छ।

एमाले निकट युवासङ्घले शनिबार सप्तरीको कञ्चनरुप नगरपालिका-१२ स्थित धर्मेश्वर खेलमैदानमा आयोजना गरेको सभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले वर्तमान सरकार चलेको १४ महिनामा अर्थतन्त्रलाई नै कमजोर पार्ने काम गरेको आरोप लगाउनुभयो । उहाँले एमाले समृद्ध नेपाल बनाउने पक्षमा रहेको भन्दै अहिलेको गठबन्धन सरकारले भ्रष्टाचारलाई मात्र बढावा दिएको आरोप लगाउनुभयो। अगामी चुनाव शान्तिपूर्ण एवं धाँधलीरहित सम्पन्न हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

राष्ट्रिय हितको पक्षमा एमाले सधैँ बोल्ने पार्टी भएको भन्दै अध्यक्ष ओलीले युवालाई देशमै रोजगारको सिर्जना हुनुपर्ने बताउनुभयो।

लक्ष्मी आदर्शको दोस्रो म्याराथन दौडमा रोहन र सृष्टि प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज

पोखरा महानगरपालिका वडा नं. २७ मा रहेको लक्ष्मी आदर्श यूवा क्लवले दोस्रो म्याराथन दौड प्रतियोगिता सम्पन्न गरेको छ।

प्रतियोगितामा पुरुष तर्फ रोहन गुरुङ्ग १५.४० मिनेट निर्धारीत दुरि पार गरि प्रथम, अनिल गुरुङ्गले १६.२७ मिनेट र कविर पौडेल १६.५६ मिनेटमा निर्धारीत दुरि पार गरि क्रमश दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल भएका छन् । महिला तर्फ सृष्टि रेग्मीले ३६.२८ निर्धारीत दुरि पार गरि प्रथम रुविना बास्तोलाले ३६.२९ मिनेट र सर्मिला कार्कीले ४३.५२ मिनेटमा निर्धारीत दुरि पार गरि क्रमश दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल भएका छन। रचित पौडेलको संयोजकत्वमा आयोजित दोस्रो म्याराथन दौड प्रतियोगितामा पुरुष र महिला गरि ४० प्रतियोगी सहभागि रहेका थिए। दोस्रो म्याराथन दौड प्रतियोगिता ४.३ कि.मि. कच्ची सडकमा गरिएको क्लवका अध्यक्ष निर्मान देवानले जानकारी दिएका छन्।

कालेबजारी...

सामग्री खरिद गर्दा उत्पादन मिति, मूल्यसूचीलगायत विषयमा सचेत हुनुपर्ने बताउनुभयो। पूर्वसचिव डा हरि दाहालले उपभोक्ता अधिकारको सुनिश्चितताकालागिउपभोक्ताअधिकारकर्मी र नियमनकारी निकायले सचेतना अभिवृद्धि गर्दै अनुगमन कार्यलाई वर्षैभरि सञ्चालन गर्नुपर्ने खाँचो औँल्याउनुभयो। वाणिज्य विभागका निर्देशक भेषबहादुर कुँवरले उपभोक्ताको अधिकारका लागि विभागले स्रोत साधन र जनशक्तिले भ्याएसम्म बजार अनुगमन र गुणस्तर अभिवृद्धिमा लागिपरेको उल्लेख गर्दै यो अभियानमा उपभोक्ता अधिकारकर्मी तथा उपभोक्ताले सहयोग गर्नुपर्छ भन्नुभयो।

राष्ट्रिय उपभोक्ता मञ्च नेपालका अध्यक्ष प्रेमलाल महर्जनले उपभोक्ताको हकहित संरक्षण र जागरणका निम्ति सरोकारवाला निकाय एवं संस्था एकताबद्ध भएर लाग्नुपर्ने बताउनुभयो। कृषि बाली व्यवसाय प्रवर्द्धन संस्था नेपालका अध्यक्ष मोहनबहादुर थापा, सामाजिक अभियन्ता रमेशकुमार पौडेललगायतले उपभोक्तालाई जागरण गर्ने र विक्रेतालाई सचेत गर्ने कार्यमा उपभोक्ताकर्मी लाग्नुपर्नेमा जोड दिनुभयो।

मञ्चका अध्यक्ष कृष्णप्रसाद भण्डारीले उपभोक्ता आफैँ सचेत नभएसम्म बजार स्वस्थ नहुने भन्दै उपभोक्तामा जागरण फैलाउन अधिकारकर्मी एक भएर लाग्नुपर्ने बताउनुभयो।

नेपालीहरूको महान चाड
बडादशैं
तथा
शुभ दिपावली
एवम्
छठ पर्व
२०७९ को पावन अवसरमा यहाँहरू सबैको उत्तरोत्तर प्रगती, सुस्वास्थ्य एवम् शान्तिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नेलम्बो, नेपाल परिवार
पोखरा- ०४, मैहापाटन
FIND US ON: /nelumbonepal.org /NELUMBOnepal /nelumbonepal /company/nelumbo-nepal /NELUMBOnepal

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

सम्पादकीय

दशैंको शुभकामना

नेपाली हिन्दुहरुको महान चाड वडा दशैंले सबै नेपालहरुलाई छोइसकेको छ । आश्विन शुक्ल प्रतिपदाको दिनदेखि नौ दिनसम्म शक्तिपिठहरुमा दुर्गा भगवतीको पूजा आरधना गरिन्छ। दशैंलाई असत्यमाथि सत्यको जित भएको हुँदा त्यसलाई विजया दशमीको रुपमा मनाउने गरिन्छ। प्रतिपदाको दिन घटस्थापनामा रोपेको जमरा दशमीको दिन प्रसादको रुपमा लगाउने गरिन्छ । मानव जीवनमा शक्तिको आवश्यकता पर्ने हुँदा दुर्गा भवानीबाट शक्ति प्राप्त होस् भनि उपाशना गरिन्छ । दुर्गा भवानीलाई शक्ति प्राप्त गरेपछि असत्यमाथि सत्यको जितको रुपमा लिइने गरिएको छ।

बडादशैं हिन्दुहरुको चाड भनिए पनि यो राष्ट्रिय चाडको रुपमा रहँदै आएको छ। दशैंलाई धार्मिक आध्यात्मिक र सांस्कृतिक चाँडको रुपमा विभिन्न कोणबाट लिने गरिएको छ। दशैलाई धार्मिक मात्र नभई सांस्कृतिक आध्यात्मिक रुपमा पनि लिन थालेका छन् । दसैं धार्मिक भन्दा पनि नेपालीको मौलिक पहिचानसहितको सांस्कृतिक पर्व हो। संसारभर नेपाली जाति जहाँ पुगे पनि दसैं आफ्नै शैलीमा मनाउँछन् । दशै पारिवारिक पुनर्मिलन र स्नेह तथा सद्भावको पर्व हो । वर्षभर घरबाहिर भएकाहरू पनि आआफ्ना परिवारसँगै मनाउने गर्दछन।

दसैंका अवसरमा डेंगुबाट संक्रमितको संख्या बढ्दो छ। करिब ४० जनाको निधन भएको छ। २८ हजार भन्दा धेरै संक्रमित छन । सरकारले जनताको स्वास्थ्यप्रति खेलवाड गरेको कारण यो अवस्था आएको हो। सरकार जनताप्रति उत्तरदायी हुन नसक्दा डेंगुको कारण स्वास्थ्य अवस्था कमजोर बनेको छ।अर्कोतिर दशैंमा बजार अनुगमन नहुँदा अस्वाभविक मूल्य बृद्धि, अखाद्य बस्तु बिक्री गर्ने र जोखिमपूर्ण सवारीसाधन चढेर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ। सरकारले व्यापारीहरुलाई अनुकुल हुने गरी अनुगमन गरेपनि झारा गर्ने गरेको छ। जनताको जीवन स्तर खस्किदै गएको बेला कसरी राहत र सेवा सुविधा उपलब्ध गराउने कहिल्यै सोचेन ।

सरकारमा रहेका दलहरु कमाउ धन्दामा लागेका छन्। चुनावमका लागि पैसा उठाउन र राज्य संयन्त्रको दुरुपयोग गर्ने काममा तल्लीन छन । तीन वटै तहका सरकारले जनताका आकांक्षा पुरा गर्न सकेका छैनन्। सरकारमा रहंदा गरेका बाचा कार्यान्वयनमा नआउदाँसम्म जनताले विश्वास गर्ने आधार बन्दैन । देशलाई राजनीतिक स्थीरता दिन आगामी निर्वाचनमा जनताको स्वास्थ्य, आर्थिक सम्बृद्धि र देशको स्वाधीनता कायम राख्न सक्ने बाटोमा लाग्न राजनीतिक दलले सक्षम ईमानदार उमेदवार चयन गर्ने र नेपाली एकजुट भएर राष्ट्रियताको रक्षा गर्न दुर्गा भवानीले सबैलाई शक्ति प्रदान गरुन भनी देशविदेशमा रहनु भएका सबै नेपालीहरुलाई हार्दिक मंगलमय शुभकामना टक्राउछौं।

तपाईको आज

मेष	: अप्रत्यसित लाभ	तुला	: झमेला बढ्ने
वृष	: आर्थिक समस्या	वृश्चिक	: कार्यमा सफलता
मिथुन	: मानसिक तनाब	धनु	: मन चञ्चल
कर्कट	: शारीरिक झमेला	मकर	: सहयोग मिल्नेछ
सिंह	: ब्यापारमा लाभ	कुम्भ	: सत्कार मिल्नेछ
कन्या	: शत्रुको भय	मीन	: सम्मान मिल्नेछ

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

नालापानीको कथामा फिल्म

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज

नालापानीको इतिहासमा फिल्म निर्माण भएको छ।

सन् १८१४ मा देहरादुनस्थित नालापानी गढीमा भएको अङ्ग्रेज-नेपाल युद्धमा नेपाली फौजका तर्फबाट कप्तानी गर्नुभएका वीर बलभद्र कुँवरको लडाइँमा आधारित रहेर फिल्म 'नालापानी' निर्माण गरिएको जानकारी निर्देशक रिमेश अधिकारीले दिनुभयो। निर्माता समेत रहनुभएको अधिकारीले नेपाली वीरताको गाथालाई पर्दामा ल्याउनु सहज नरहेको बताउनुभयो।

"नालापानी गढीमा अङ्ग्रेज सैनिकविरुद्ध नेपाली फौजले लडेको साहसिक लडाइँलाई अहिलेको पुस्तालाई देखाउनु र बुझाउनु मेरो उद्देश्य हो। हामीले आफ्नो वीरताको गाथालाई सङ्ग्रहित गर्नु जरुरी छ", उहाँले भन्नुभयो । युद्धको समयको भोगाइलाई पर्दामा देखाउनु कठिन रहेको निर्देशक अधिकारीले सुनाउनुभयो । "सीमित प्रविधि, बजारले गर्दा हाम्रो मेकिङमा असर गर्छ। यद्यपि हामीले सक्दो मेहनत गरेका छौँ", उहाँले भन्नुभयो । उहाँले झण्डै नौ वर्ष लगाएर फिल्म तयार गर्नुभएको हो । चलचित्र विकास बोर्डले दुई वर्ष अगाडि विशेष फिल्मसमेत घोषणा गरेको थियो। लेखन तथा अनुसन्धानमा निर्देशक अधिकारीलाई कृष्ण आचार्यले सहयोग गर्नुभएको हो।

प्रा डा धनराज कुँवर र रामराजा कुँवरद्वारा लिखित 'नालापानीका नायक वीर बलभद्र' पुस्तकमा आधारित रहेर इतिहासविद्हरू प्रा डा धनराज कुँवर, प्रा डा त्रिरत्न मानन्धर, प्रा दिनेशराज पन्त, प्रा डा सुरेन्द्र केसी, पूर्वसहायक रथि डा प्रेम सिंह बस्न्यातहरूसँग छलफल गरेर नेपाली सेनाले प्रकाशित गरेको पुस्तक 'सैनिक इतिहास' मा आधारित रहेर 'नालापानी' तयार पारिएको हो।

फिल्ममा देशभक्त खनाल, अर्जुनजङ्ग शाही, सन्तोष पन्त, मनोज शाक्य, विशाल पहारी, विजय विष्फोट, पुजना प्रधान, गीता अधिकारी, महाविर विश्वकर्मा, इशान बिजु श्रेष्ठ, हिक्मत थपलिया, सारिता राजोपाध्याय, लक्ष्मी नाथ, गायत्री घिमिरे, जनक बर्तौला, विशाल श्रेष्ठ, सहिना भट्टराई, गीत विष्ट, युगजङ्ग कार्की, सिमन खड्का, सुशील खड्का (डेभिड), बाल कलाकार तेजस्वी गुरुङ, हार्दिक थपलिया, प्रनिस शाक्य, निर्माण थपलिया साथै विदेशी कलाकार एन्ड्रोइन डंकन, रेचल मोलेस, पल विकिन्सन र सामलगायतको अभिनय छ।

त्रिभुवन विमानस्थलको पाँच किलोमिटरभित्र ड्रोन उडाए कारबाही

रासस
काठमाडौं, १५ असोज

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पाँच किलोमिटर क्षेत्रभित्र ड्रोन उडाउनेलाई कारबाही गरिने जनाएको छ।

विमानस्थलको पाँच किलोमिटर क्षेत्रभित्र ड्रोन उडाउने कार्यले विमानको उडान सुरक्षामा गम्भीर असर पर्ने भन्दै उक्त कार्य नगर्न/नगराउन प्राधिकरणले आग्रह गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले एक सूचना जारी गर्दै त्रिभुवन विमानस्थलको पाँच किलोमिटर क्षेत्रभित्र ड्रोन नउडाउन एक सूचना प्रकाशित गरी जानकारी गराएको र उक्त सूचनाको अटेर गरेमा कानूनअनुसार कडा कारबाही गरिने चेतावनी दिएको छ। ड्रोन उडानसम्बन्धी नियम २०२१ ले विमानस्थलको आसपास ड्रोन उडाउन बन्देज गरे पनि पछिल्लो केही समययता उक्त नियमलाई अटेर गरी ड्रोन उडाउने कार्य भइरहेको पाइएकाले ड्रोन उडाउन बन्द गरिएको प्राधिकरणको भनाइ छ।

गरिब को दशैँ

वामनप्रसाद ढेवाज्
गौडाकोमुख-१३

दशैँ आयो, छोरा छोरी रमाउछन्
वावु आमा, पुम्पुरो समाउछन्।

दशैँ आयो, हुने खाने लाई आयो
गरिवलाई, रिन मात्र वोकायो।

दिन भर काम गऱ्यो खान लाउन ठिक्कै
विरामी भए उपचार गर्ने पैसासम्म हुन्न।

वर्ष दिनमा आउने दशैँ सबले मनाउनुपर्ने
गरिबलाई दशैँ आयो रिन खोज्नु पर्ने।

दशैँ आयो सबलाई नयाँ लुगा चाहिने
मिठो मसिनो मासु भात पनि खानु पर्ने।

दशैँ आयो साहुसँग ऋण माग्नु पर्ने
सावा ब्याज तिर्दा तिर्दा ढाडै सेकिजाने ।

पोहोर सालको ऋण तिरे छैन फेरि दशैँ आयो
साहुको घर फेरी ऋण माग्न जानु पर्ने भयो।

नेताहरु स्टार होटलमा पार्टी सार्टी गर्छन्
गरिबलाई महंगीले ढाडै सेकाई दिन्छ।

पहिले पनि त्यस्तै थियो अहिले पनि त्यस्तै
दशैँ आए गरिबलाई रिनै खोज्नु पर्ने।

जुन तत्र आए पनि गरिबलाई रिनै खोज्नु पर्ने
कुर्सीमा बस्नेहरुले जहिले पनि मोजमस्ती गर्ने।

दशैँ आयो, छोरा छोरी रमाउछन्
वावु आमा, पुम्पुरो समाउछन्।

कुँडहर सहकारीको १५ औं स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज (रासस)

पोखरा १० स्थित कुँडहर बचत तथा ऋण सहकारी संस्थाले शुक्रबार १५ औं स्थापना दिवस मनाएको छ।

स्थापना दिवसको अवसरमा सहकारीले कुँडहर आधारभूत विद्यालयका १२ जना विद्यार्थीलाई शैक्षिक सामाग्री प्रदान गर्ने निर्णय गरेको छ।

त्यस्तै अस्पताल चोकमा रहेको प्रहरी बिटलाई सात थान प्लाष्टिक कुर्ची सहयोग गर्ने भएको छ। २८ जना शेयर सदस्यबाट शुरु भएको सहकारीमा हाल दुई हजार ६ सय बढी शेयर सदस्य आवद्ध रहनुभएको छ । 'निकै संघर्षका साथ आजको अवस्थामा आइपुग्यौं, सहकारीका अध्यक्ष विश्वबन्धु थापाले भन्नुभयो, हामी हाम्रो सहकारीलाई उत्कृष्ट सहकारीका रुपमा स्थापित गर्ने कोशिस गरिरहेका छौं। विजय दशमीको शुभकामनासँगै आयोजित कार्यक्रममा जिल्ला सहकारी संघ कास्कीका लेखा सुपरिवेक्षण समिति सदस्य विमला थापा बस्नेतले सहकारीका लागि सहकार्य आवश्यक रहेको बताउनुभयो । त्यस अवसरमा पोखरा उद्योग वाणिज्य संघका सदस्य भरत केसी, सहकारीका उपाध्यक्ष शिव बहादुर बराललगायतले बोल्नुभएको थियो। कुँडहर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष विश्वबन्धु थापाको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक परिचालन उपसमितिका संयोजक गौतम थापाले स्वागत र सचिव सुरेन्द्र विनोद खनालले संचालन गर्नुभएको थियो।

नवरात्रको सातौँ दिन दसैँघरमा भित्र्याइँदै फूलपाती

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज (रासस)

प्रत्येक वर्ष दुर्गा पक्षअन्तर्गत आश्विन शुक्ल सप्तमीका दिनमा मनाइने फूलपाती पर्व आज घर-घरमा शास्त्रीय विधिअनुसार शुभसाइतको प्रतीक फूलपाती भित्र्याएर मनाइँदैछ।

घटस्थापनाका दिनदेखि वैदिक विधिपूर्वक दुर्गालाई आह्वान गरी पूजाआजा गरिएको दसैँघर अथवा पूजा कोठामा शुभसाइतको प्रतीकका रूपमा उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, दारिम, जयन्ती, अशोकको फूल र मानवृक्ष भित्र्याउने गरिन्छ । नवपत्रिकाको नामले समेत चिनिने फूलपाती नववटी देवीको प्रतीकको रूपमा भित्र्याई शास्त्रीय विधिअनुसार शक्तिको आराधनाका साथ पूजा गर्ने वैदिक विधि रहेको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ । "केरामा ब्रह्माणी, दारिममा रक्तदन्तिका, धानमा लक्ष्मी, हलेदोमा दुर्गा, मानवृक्षमा चामुण्डा, उखुमा कालिका, बेलपत्रमा शिवा, अशोकमा शोकरहिता र जयन्तीमा कात्तिकी देवीको आह्वान गरी पूजा गरिन्छ, यी देवी नवदुर्गाका पार्षद् अर्थात् सहायक हुन्", उहाँले भन्नुभयो। फूलपाती भित्र्याएपछि नववटै देवीको विधिपूर्वक पूजा आराधना गरिन्छ । फूलपाती भित्र्याउनका लागि साइतको आवश्यकता नपर्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले जानकारी दिनुभयो । हनुमानढोका दरबारको दसैँघरमा गोरखा जिल्लाबाट ल्याइएको फूलपाती भित्र्याउने परम्परा छ । गोरखाबाट धादिङ जिल्लाको जीवनपुरसम्म दसैँघरका पूजारीसहित मगर जातिका छ जनाले ल्याउने र धादिङ जिल्लाको जीवनपुरबाट काठमाडौँको जमलसम्म काठमाडौँबाट गएका ब्राह्मण जातिका छ जनाले ल्याउने परम्परा रहिआएको छ। जमलबाट हनुमानढोकासम्म निजामती सेवाका उच्चपदस्थ अधिकारीहरू, गुर्जुका पल्टन, ब्याण्डबाजा, पञ्चेबाजा र सांस्कृतिक नाचगानसहितको लावालस्करकासाथमाफूलपाती ल्याउने गरिन्छ। हनुमानढोकामा यस वर्षको फूलपाती आइतबार अपराह्न भित्र्याइने कार्यक्रम रहेको छ । फूलपाती लिन शनिबार नै राजधानीबाट एक समूह धादिङको जीवनपुर गएको दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख सन्दीप खनालले राससलाई जानकारी दिनुभयो। गोरखाबाट फूलपाती लिएर आजै धादिङको जीवनपुरतर्फ अर्को समूह आएको पनि उहाँले सुनाउनुभयो। आइतबार बिहान जीवनपुरबाट स्वयम्भू हुँदै राजधानीबाट गएको समूहले फूलपाती ल्याउने छ । त्यस क्रममा स्यवम्भूको वनबाट माने नामको फूल पनि नवपत्रिका समावेश गरिने जनाइएको छ । स्वयम्भूबाट जमलको दसैँघरमा फूलपाती आइपुग्ने छ। जमलमा हनुमानढोकाबाट गएको समूहले स्वागत गरी भित्र्याइने कार्यक्रम रहेको हेरचाह अड्डाले जनाएको छ।

आश्विन शुक्ल प्रतिपदाका दिनमा वैदिक विधिपूर्वक घटस्थापना गरी जमरा राखेपछि सुरु हुने नेपालीको महान् चाड दसैँ अर्थात् दुर्गापूजाको सामाजिक चहलपहल भने आजैका दिनदेखि बढ्ने गर्दछ । आजैका दिनदेखि सरकारी कार्यालय पनि बिदा हुने भएकाले विभिन्न पेशा र व्यवसायमा संलग्न व्यक्ति सपरिवार बसेर दुर्गा भवानीको प्रसादका रूपमा टीका थाप्न आ-आफ्नो घर फर्कने क्रम अझ तीव्र हुने गर्दछ। फलस्वरुप नेपालका ग्रामीण भेगमा आजैका दिनदेखि दोबाटो, चौतारो र चौबाटामा हालिने लिङ्गेपिङ र रोटेपिङले दसैँको रौनकतालाई अझ बढाउने गर्दछ। यस अवसरमा चङ्गा उडाएर रमाइलो गर्ने सांस्कृतिक परम्परा पनि छ । पछिल्लो समय पिङ र चङ्गाको परम्परामा कमी आएकाले पनि दसैँको मौलिकता गुम्न थालेको बूढापाका बताउँछन्।

संगम सहकारीमा सपथ र शुभकामना

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज

संगम बचत तथा ऋण सहकारी संस्थाले हालै मात्र मनोनीत संस्थाका सल्लाहकार एवम् विभिन्न उपसमितिका सदस्यहरूलाई सपथ खुवाउदै कामको जिम्मेवारी तोक्नुका साथै बडा दशै र तिहारको उपलक्ष्यमा शुभकामना आदानप्रदान समेत गरेको छ । सो अवसरमा सबैलाई शुभकामना दिदै नवनिर्वाचित अध्यक्ष नवराज तिवारीले निर्वाचित र मनोनीत सबै साथीहरूको साथ सहयोगले आफुलाई निर्वाचित गराउने सबै सेयर सदस्यहरु प्रतिको जिम्मेवारी पुरा गर्ने बताए। सहकारीका संरक्षक एवं सल्लाहकार संयोजक निरज थापाले निति बिधिमा चलेको सहकारीलाई अझ उचाइमा पुऱ्याइ एक वर्ष भित्रै रिजल्ट देखिने गरि कडा मेहनतका साथ काम गर्न अनुरोध गरे।

लेखा संयोजक भोविन्द्र गिरीले अहिले पचास साठी प्रतिशत नभई सय प्रतिशतको परिश्रम गर्नुपर्ने बेला भएको बताए । सल्लाहकार सन्तोस पोखरेलले महाभारतको प्रसंग सुनाउदै पुन्य कार्य गर्नका लागि मनुष्य चोला प्राप्त भएको बताए । संचालक एवं बचत उपसमिति संयोजक तोयानाथ भट्टराईले संकटको बेलामा दिने परिचय नै संस्थाको वास्तविक परिचय हुने भएकोले संयमता सहितको सक्रियतामा जोड दिए । संचालक एवं शिक्षा उपसमिति संयोजक तिलक थापाले हरेक उपसमितिलाई कार्यतालिका बनाएर अघि बढ्न अनुरोध गरे।

सोही अवसरमा खोलिएको दशै तिहार भाग्यमानी चिठ्ठामा सेयर सदस्यहरु मध्ये बाट दिल कुमारी आले प्रथम, शिवराज वाग्ले दोस्रो र राजन गुरुङ तेस्रो भइ क्रमशः ३ हजार, २ हजार र १ हजार रुपैयाँको पुरस्कार प्राप्त गरेका छन् । कार्यालय प्रमुख बृहस्पति अधिकारीले संस्थागत परिचय राखेको उक्त कार्यक्रममा बुद्धिमान थापा, धनराज पुरी, बिष्णु कुमारी थापा, सुभास भण्डारी, सरस्वती अधिकारी, दिलमाया थापा लगायतले बोल्नु भएको थियो।

दसैँसँग जोडिएको पिङको संस्कृति जोगाउँदै युवापुस्ता

पोखरापत्र संवाददाता
बेनी, १५ असोज

मङ्गला गाउँपालिका-५ अर्मनको टीकाबाङस्थित साहारा युथ क्लबका युवाले दिन लगाएर लिङ्गे पिङ तयार गरेका छन् । हिन्दूको महान चाडै विजया दशमीको अवसरमा परम्परागतरुपमा मनोरञ्जनका लागि पिङ खेलेर रमाइलो गर्ने प्रचलन रहेको छ ।

परम्परागतरुपमा दसैँ तिहारका अवसरमा गाउँमा 'लिङ्गे पिङ' बनाउने कार्यलाई निरन्तरता दिइएको क्लबका अध्यक्ष दीर्गबहादुर बुढाथोकीले बताउनुभयो । पिङ बनाउनका लागि पहिलो दिन गाउँका युवा गाउँमाथिको धुरीमा पुगेर मालको रुखको अग्ला लिङ्गा लिने गर्छन् । दोस्रो दिन जङ्गलबाट ल्याइएका अग्ला लिङ्गालाई गाडेर बाबियो घाँसबाट बनाइएको डोरीलाई बाँधेर पिङ तयार गरिन्छ ।

पिङ बनाउन युवाले लिङ्गा काट्ने, बोक्ने, बाबियोको लठो बनाउने काम गर्छन् भने युवतीले खाजा बनाएर खुवाउने गर्छन् । लिङ्गा बोकेर ल्याउँदै गर्दा बीच बाटोमा युवतीले पुर्‍याएको खाजा खाएर नाचगानसहित लिङ्गालाई गाउँमा ल्याउने चलन रहेको छ । पिङ तयार भएपछि फूलपातीको दिनमा विशेष पूजा गरेपछि रातभर नाचगान गरेर पिङलाई कुर्ने चलन रहेको क्लबका अध्यक्ष बुढाथोकीले बताउनुभयो । "हरेक वर्ष दसैँमा हामीले लिङ्गे पिङ बनाउँदै आएका छौँ, युवायुवती पर्याप्तमात्रामा गाउँमा नबस्ने भएकाले परम्परागत संस्कृति जोगाउन मुस्किल हुँदै गएको छ", उहाँले भन्नुभयो । परम्परागतरुपमा लिङ्गे पिङसँगै काठको रोटेपिङसमेत बनाउने गरिन्थ्यो । लिङ्गे पिङको प्रचलन अझै रहे पनि रोटेपिङ भने लोप हुने अवस्थामा पुगेको छ । काठका सामान प्रयोग गरी एकैपटकमा धेरै जना खेल्न मिल्ने रोटेपिङ सीप हस्तान्तरण नहुँदा लोप हुने अवस्थामा पुगको हो ।

रघुगङ्गा गाउँपालिका-४ दग्नाममा पनि एकता युवा क्लबको अगुवाइमा लिङ्गे पिङ हालिएको छ भने रघुगङ्गा गाउँपालिका-८ कुइनेमङ्गलेका स्थानीयवासीलेसमेत दसैँमा लिङ्गे पिङलाई जोगाउँदै आएका छन् । यहाँको चौरखानी, मङ्गलेखानी, कुइनेखानी, घ्यासीखर्क, खरिबोट, पाल्लेखर्क, दुवाडीलगायतका हरेक बस्तीमा दसैँमा 'लिङ्गे पिङ' हाल्ने गरेका छन् । स्थानीय रितुङ माध्यमिक विद्यालयका प्रधानध्यापक खिम छन्त्यालले पुर्खाले दसैँका अवसरमा जमिन छाड्ने प्रचलन स्वरुप पिङ खेल्ने संस्कृतिको सुरुआत गरेको बताउँदै अहिले पनि स्थानीय युवा क्लब र आमा समूहले निरन्तरता दिएको बताउनुभयो । "लिङ्गा काट्न युवा जगल जान्छन्, युवतीले खाजा बनाएर बाटोमा लैजान्छन्, पिङ हाल्ने दिनमा आमा समूह र युवा क्लबको सहभागितामा ठाडो भाकामा गित गाएर रमाइलो गर्ने चलन छ"-उहाँले भन्नुभयो । पिङ बनाइसकेपछि धोजापतकाले सिंगारेर चिटिक्क बनाउन गरिन्छ भने केटी मान्छेलाई पहिलो पटक खेल्न दिने गरिन्छ । जिल्लाको माथिल्लो भेगमा जंगलका अग्ला काठका रुखहरुको लिङ्गाहरु गाडेर जंगलमा पाईने निगालाको चोयाँको लठो प्रयोग गरि पिङ बनाइन्छ भने बेशीका बस्तीमा भने बाँसका लिङ्गो र बाबियोको लठडो प्रयोग गरेर पिङ बनाउने गरिन्छ । असत्यमाथि सत्यको विजयी भएको उत्सवका रुपमा मनाईने दसैँमा खासगरी जमिन छाडेरै खुसियाली मनाउने प्रचलन स्वरुप पिङ हाल्ने गरेको बुढापाका बताउँछन् ।

पहिले हरेक जसो गाउँ र बस्तीमा दसैँ तिहारमा लिङ्गे पिङ र चमच्चा हाल्ने गरिएपनि आजभोलि न्यून मात्रामा मात्रै देख्न पाइन्छ । "पिङ हाल्ने कामलाई हामीले उत्सवकै रुपमा लिने गर्थ्यौ, तर पछिल्लो समय यो हराउन थालेको छ"-धवलागिरि गाउँपालिका-२ लमसुङका भक्त सिंकिजा मगरले भन्नुभयो । स्थानीय लमसुङ माविको व्यवस्थापन समितिका अध्यक्ष समेत रहनुभएका मगरले युवायुवती पुराना संस्कार, संस्कृति र परम्पराको संरक्षणमा जागरुक नबन्दा दसैँको महत्व र महिमासँग जोडिएको लिङ्गे पिङ हाल्ने प्रचलन हराएर जाने जोखिम बढेको बताउनुभयो ।

वर्षमा एकचोटी धर्ती छोड्नैपर्ने मान्यताका साथ हरेक वर्षको दसैँ तिहारका अवसरमा कम्तीमा एकपटक बालबालिकादेखि युवा, वृद्ध सबैले पिङ खेल्नैपर्ने चलन रहेको रघुगङ्गा गाउँपालिका-३ का बयोबृद्ध ९३ वर्षीय उदयचन्द्र रिजाल बताउनुहुन्छ ।

"दसैँ तिहारजस्ता चाडमा प्रत्येक टोलमा पिङ हालिन्थ्यो, पिङ खेल्नकै लागि घण्टौँसम्म पालो कुर्नुपर्थ्यो, को माथिसम्म मच्चिन सक्छ भनेर प्रतिस्पर्धा नै हुन्थ्यो,पछिल्लो समय पिङको चलन कम हुँदै गएको छ", उहाँले भन्नुभयो । मनोरञ्जनका लागि इन्टरनेट प्रविधिमा आधारित मोबाइल, टेलिभिजन, युटुब, सामाजिक सञ्जाललगायतमा नयाँ पुस्ता भुल्ने भएकाले पुराना र मौलिक मनोरञ्जनका पिङ, रोटेपिङ, चमच्चाहरु हराउने जोखिम बढ्न थालेको छ ।

कास्कीको लेखनाथस्थित खुदी फाँटमा फलेको धानको हरियाली र नजिकै धानखेतमै निर्माण भइरहेका घरहरु। यस क्षेत्रमा धानखेत मासेर घर निर्माण कार्य तीव्र रुपमा भइरहेको छ । तस्बिरः ऋषिराम बराल, रासस

बेनी-भकिम्ली सडक चार महिनापछि सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, १५ असोज

गत जेठ अन्तिम सातादेखि पहिराका कारण अवरुद्ध बनेको बेनी-भकिम्ली सडक चार महिनापछि पूर्णरुपमा सञ्चालनमा आएको छ । म्याग्दीको बेनीनगरपालिका-३ भकिम्लीको हल्लेगौडा र खुर्सानीबारीमा गएको पहिराका कारण अवरुद्ध बेनी-भकिम्ली सडक चार महिनापछि शुक्रबारदेखि सञ्चालनमा आएको हो । यसअघि सामान्य मर्मत गरिए पनि सडक नियमित सञ्चालनमा आउन सकेको थिएन ।

सदरमुकाम बेनीबाट दूधेखोला-हलेगौडा-डाँडाखानी हुँदै भकिम्ली जोड्ने सडकखण्डअन्तर्गत हलेगौडा, कल्लेरी खोलाको घुम्ती र खुर्सानीबारीभन्नेस्थानमापहिराले सडक बगाएपछि भकिम्लीका बासिन्दा आवतजावत गर्ने सडक यातायातबाट विच्छेद भएको थियो । "अब ठूला सवारीसाधन पनि नियमित आवतजावत गर्न मिल्छ, बाटो अवरुद्ध हुदाँ भकिम्लीवासीले धेरै सास्ती खेप्नुपरेको थियो", भकिम्लीका युवा याम घर्तीमगरले भन्नुभयो ।

उहाँका अनुसार बर्खा लागेपछि केही समय मोटरसाईकल मात्रै आवतजावत गर्ने बाटो बनाइए पनि लगातारको बाढीपहिराले बगाएपछिभकिम्लीवासीले पैदल मार्गको प्रयोग गरी सदरमुकाम बेनीसम्म जानुपर्ने बाध्यता थियो । पहिराले सडक बगाएपछि सदरमुकाम बेनी आवतजावत गर्न स्थानीयले घुमाउरो र जोखिमपूर्ण मार्गको प्रयोग गर्न बाध्य भएका छन् । बेनीनगरपालिका र स्थानीयले श्रमदान गरेर खोल्ने प्रयास गरे पनि असफल भएपछि अलपत्र अवस्थामा रहेको सडक मर्मत सम्भारका लागि कृष्ण छन्त्यालको अध्यक्षतामा उपभोक्ता समिति बनाइएको थियो । गतवर्ष ढलानसहितको सडक पहिराले बगाएपछि वैकल्पिक मार्ग हुँदै सडक सञ्जाल जोड्ने प्रयास गरिएको थियो । पहिराले हलेगौडासहित आसपासका क्षेत्रका बस्ती जोखिममा परेको छ । भकिम्ली हुँदै छिमेकी बागलुङको काठेखोला र ताराखोला गाउँपालिकाका बासिन्दाले आवतजावत गर्ने गरेका छन् । भकिम्ली जाने वैकल्पिक सडकअन्तर्गत ज्यामरुककोट, बेनी-थामडाँडा सडकखण्डअन्तर्गत राखु र मरेक हुँदै आवतजावतगर्न सकिन्छ । भकिम्ली जोड्ने हलेगौडाको सडक सबैभन्दा छोटो र सजिलो मानिन्छ । नगरपालिकाले उक्त सडकलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको थियो ।

करिब सात सय ५० घरधुरीको बसोबास रहेको भकिम्लीवासीलाई सहज हुने गरी सडक मर्मतको प्रयास भए पनि उक्त स्थान सधैँ जोखिम बन्दै गएकाले अहिले मर्मत गरी सञ्चालनमा ल्याइएको वडाध्यक्ष पदम पुनले बताउनुभयो । "नयाँ ट्र्याक खुले पनि केही ठाउँमा वर्षेनी सताउने गरेको छ, मर्मतपछि स्थानीयलाई घुमाउरो र वैकल्पिक मार्गको प्रयोग गर्नुपर्ने बाध्यता हटेको छ", अध्यक्ष पुनले भन्नुभयो । एक वर्ष अगाडि ढलान गरेकोसहित डेढ किलोमिटर सडक पहिरोसँगै बगेपछि उक्त मार्गमा नियमित जसो अवरुद्ध हुन थालेपछि वैकल्पिक मार्गको सर्भे भएको थियो । यो सडक विस्तार, स्तरोन्नतिमा स्थानीयको चन्दा श्रमदान रहेको छ ।

उपत्यका छाड्ने बढ्दै, कुन दिन कति बाहिरिए ?

–नारायण ढुङ्गाना
काठमाडौं, १५ असोज (रासस)

काठमाडौँको नागढुङ्गामा सवारी साधनको चाप बढेकाले त्यहाँबाट सुरु भएको आज बिहानको जाम थानकोटसम्म आइपुगेका थियो । सवारी साधनको लाम शुक्रबार साँझ पनि उत्तिकै थियो ।

काठमाडौँको कलङ्की होस् या गौशाला वा अन्य विभिन्न नाकामा त्यसैगरी सवारी साधनको चाप छ। यात्रुको भीड पनि उत्तिकै छ । प्रहरीलाई सवारी साधनको भीड मिलाउन हम्येहम्ये परिरहेको सडकमा देख्न सकिन्छ। हिन्दूको महान पर्व दसैँको मुख्य दिन नजिकिएसँगै काठमाडौँ उपत्यका छाड्ने नेपालीको सङ्ख्या दिनदिनै बढ्दो छ। अन्य समयमा शनिबार प्रायः खाली हुने काठमाडौँका सडकमा आज भने सवारी साधनको बाक्लो उपस्थिति छ।

पाका/पुन्तुरा बोकेर मानिस उपत्यका छाड्न हतारिएका दृष्य विभिन्न क्षेत्रमा देख्न सकिन्छ। टिकट काटेकाहरु सवारीसाधन कुरिरहेका देखिए भने टिकट नकाट्ने यात्रु सिट खाली रहेका सवारी साधनको प्रतिक्षा गरिरहेका भेटिए । सिट नपाएका ट्रक तथा अन्य सवारी साधनमा समेत गइरहेका थिए । पश्चिम नेपाल जान कलङ्की पुग्नुभएकी निर्मला शर्मा टिकट नपाइएकाले सिट खाली भएको गाडीको प्रतीक्षा गरिरहेको बताउनुभयो । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार दसैँ सुरु भएपछि घटस्थापनादेखि क्रमशः बाहिरिने यात्रुको चाप बढिरहेको छ । त्यसदिन ६० हजार यात्रुले उपत्यका छाडेका थिए। बिहीबार ७१ हजार सात सय यात्रुले उपत्यका छाडेकामा शुक्रबार उपत्यका छाड्नेको सङ्ख्या ८४ हजार रह्यो । आज भने त्यसको तुलनामा दोब्बर (दुई लाख) बढीले उपत्यका छाड्ने अनुमान गरिएको कार्यालयका सहप्रवक्ता प्रहरी उपरीक्षक अवदेश विष्ट क्षेत्रीले जानकारी दिनुभयो। आज साँझसम्म झण्डै पाँच लाख मानिसले उपत्यका छाडेने उहाँको अनुमान थियो । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार प्रहरीको अभिलेखभन्दा बाहिर रिजर्व गरेर विभिन्न नाका हुँदै जाने र निजी सवारीमा जानेको सङ्ख्या यकीन नभएकाले उपत्यका छाड्ने सङ्ख्या त्यसको दोब्बर हुनसक्ने अनुानज छ।

यही असोज १० गतेदेखि १४ गते शुक्रबारसम्म कूल तीन लाख ५३ हजार ४८५ बाहिरिएका छन् आज भने झण्डै दुई लाख बाहिरिने अनुमान गरिएको छ। प्रहरीका अनुसार कूल ५० हजार सवारी साधनमा उनीहरु यसरी बाहिरिएका हुन् । आजदेखि दसैँ बिदा भएकाले आज भने सडकमा अत्यधिक भीड रहेको र विभिन्न नाका तथा बसपार्क क्षेत्रमा उपत्यका छाड्ने यात्रुको बाक्लो उपस्थिति रहेको प्रहरी उपरीक्षक क्षेत्रीको भनाइ थियो। ट्राफिक प्रहरीका अनुसार असोज १० गते आठ हजार सात सय २९ वटा सवारी साधानमा ४५ हजार आठ सय २३ यात्रु भित्रिएका थिए भने आठ हजार नौ सय चार सवारी साधनमा ६० हजार आठ सय ४१ यात्रु बाहिरिएका थिए।

असोज ११ गते आठ हजार चार सय २७ सवारी साधानबाट ४५ हजार ३३ यात्रु भित्रिएका मा नौ हजार एक सय ६१ सवारी साधनबाट ६२ हजार चार सय ३२ यात्रु बाहिरिएको अभिलेख छ। यस्तै असोज १२ गते आठ हजार नौ सवारी साधनबाट ४५ हजार दुई सय ६० यात्रु भित्रिएकामा १० हजार ८६ सवारी साधनबाट ७१ हजार ७६३ यात्रु बाहिरिएका थिए । यस्तै असोज १३ गते आठ हजार २३ सवारी साधन मार्फत सोही हाराहारीमा यात्रु भित्रिएकामा १० हजार दुई सय १९ सवारी साधनमार्फत ७४ हजार तीन सय ६२ यात्रु बाहिरिए।

असोज १४ गते शुक्रबार भने सात हजार ४६० सवारीमार्फत ३७ हजार तीन सय ४० यात्रु भित्रिंदा १० हजार दुई सय ६७ सवारी साधनमार्फत ८४ हजार ८७ यात्रु बाहिरिएको तथ्याङ्क छ। यो प्रहरीले अभिलेख गरेको सार्वजनिक सवारी साधनमार्फत यात्रु भित्रिएका र बाहिरिएकाको विवरण हो । यसबाहेक पनि मोटरसाइकल तथा अन्य निजी सवारी साधनमार्फत बाहिरिने यात्रुको सङ्ख्या ठूलो रहेको ट्राफिक प्रहरीले जनाएको छ।



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

हार्दिक समवेदना

जन्मः
वि.स. २००४/०६/०४

स्वर्गारोहणः
वि.स. २०७९/०६/०५

स्व. टिका बहादुर जोशी

यस इच्छाशक्ति अटोमोवाईल्स प्रा.लि.मा कार्यरत सिता जोशी श्रेष्ठका पुजनीय पिता **टिका बहादुर जोशी** को ७५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

इच्छाशक्ति अटोमोवाईल्स प्रा. लि.
(बजाज शो रुम)
नयाँबजार-९, पोखरा